अन्तिम लेखापरीक्षण प्रतिवेदन

शान्तिनगर गाउँपालिका

दाङ

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

शान्तिनगर गाउँपालिका

दाङ

आर्थिक वर्ष २०७९/८०



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

शान्तिनगर गाउँपालिका

दाङ

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता
(Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाई



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ। यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन,खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ। समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्योट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ। एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन। अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८१ जेष्ठ ११

महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

(लुम्बिनी प्रदेश)

मितिः २०८१।२।११

प.सं. २०८०।८१

च.नं. ९३

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू ,

शान्तिनगर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

दाङ।

१. कैफियत सहितको राय

हामीले शान्तिनगर गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को वित्तीय प्रतिवेदन, संलग्न अनुसूचीहरू, एकीकृत आय-व्यय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले शान्तिनगर गाउँपालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. शान्तिनगर गाउँपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय प्रतिवेदन महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय प्रतिवेदन तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.३ करोड ८४ लाख २४ हजार बेरुजु देखिएको छ। सो सम्बन्धमा रु.९९ लाख ४५ हजार प्रतिक्रियाबाट फस्यौट तथा रु.५१ लाख ८५ हजार बेरुजु थप भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.४८ लाख ७० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड १७ लाख ८१ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ६४ लाख ५० हजार र पेश्की बाँकी रु. ५ लाख ६२ हजार रहेको छ। शान्तिनगर गाउँपालिकाको गतवर्ष सम्म रु.१२ करोड ३ लाख ७९ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.१५ करोड ४० लाख ४३ हजार रहेको छ। शान्तिनगर गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३. हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ। वित्तीय प्रतिवेदन तयार गर्ने गंगादेव गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन्।

४. **वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्दा गल्ती कमजोरी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी शान्तिनगर गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती कमजोरी वा त्रुटी समेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले उच्चस्तरको आश्वस्तता प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका गल्ती कमजोरी वा त्रुटी पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन। वित्तीय प्रतिवेदनका उपयोगकर्ताले गर्ने आर्थिक निर्णयमा नै फरक पार्नसक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने गल्ती कमजोरी वा त्रुटीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(घनश्याम पराजुली)
नायब महालेखापरीक्षक

शान्तिनगर गाउँपालिका, दाङ

१. चालु वर्षको बेरुजु २०७९।८०

बेरुजु वर्गिकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			तिक्रियाबाट बेरुजु थप	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	रकम	दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
३१	३७	३८४२५	०	११	९९४५	५१८४	३१	२६	३३६६४	४८७०	१६४५०	११७८१	०	०	२८२३२	५६३

२. अद्यावधिक बेरुजू स्थिति २०७९।८०

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्र्यौट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
शान्तिनगर गाउँपालिका ,दाङ	१२०७२७	०	३४८	१२०३७९	०	३३६६४	१५४०४३

३. बेरुजु सम्परीक्षणको विवरण

आर्थिक वर्ष	बेरुजुको दफा	छोटकरी व्यहोरा	सम्परीक्षण भएको रकम
२०७९।८०	१३,१९,२२,२४,२६,२७,२९.३,४०,४२,४४.५,५४	विभिन्न	९९,४४,९७९।०
आ.व. २०७८/७९	११.४,१६,२१,२९.३,३५.३ ,५७	विभिन्न	३२१३७४
२०७७।७८	६२,२	कार्यक्रम खर्च	२६२००

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

परिचय

१ **परिचय -** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस शान्तिनगर गाउँपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ। यस गाँउपालिका अन्तर्गत ७ वडा, २३ सभा सदस्य, ११६.०६ वर्ग किलोमिटर क्षेत्रफल तथा २५ हजार ३०० जनसंख्या रहेको छ ।

ख) लेखापरीक्षण- यस पालिकाको आर्थिक वर्ष २०७९।८० को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्धन पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ। लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन्। लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा पहिचान गरीएको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ। सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन। लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर व्यवस्थापन पक्षसँग मिति २०८०।९।२६ मा छलफल सम्पन्न भएको छ। छलफल पछि कायम भएका व्यहोरा निम्नानुसार छन् ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि - यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८०।८।१३ देखि २०८०।१०।१३ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित

जोखिमहरु सीमाको रुपमा रहेका छन्। सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) **आर्थिक कारोवारको स्थिति -** गाउँपालिकाको प्राप्ति भुक्तानीतर्फ रु.१ अर्व १८ करोड २२ लाख ४७ हजार ०७५ को लेखापरीक्षण सम्पन्न गरीएको छ । सो को बिष्तृत विवरण **अनुसुची—१** मा संलग्न छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस शान्तिनगर गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चितकोष व्यवस्थापन प्रणालीबाट यसवर्ष सुत्र (SuTRA) को २७२ बाट देखिएको आय व्यय र बाँकीको विवरण तथा संघिय सरकार र प्रदेश सरकार तर्फको **C-GAS** मार्फत आम्दानी र खर्चको आय व्यय विवरण **अनुसूची -२** मा संलगेन छ ।

३ **सञ्चित कोषमा स्थानान्तरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु.१ करोड ५२ लाख ७४ हजार चालु खर्च खातामा १ करोड १४ लाख १६ हजार मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा स्थानान्तरण गरी हिसाब मिलान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४ **बैङ्क हिसाव विवरण -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ। पालिकाले म.ले.प.फा.नं.२१२ तयार गरी बैङ्क हिसाव विवरण भिडान गरेको देखिएन। पालिकाले बैङ्क हिसाव विवरण तयार नगरेको कारण निम्नानुसारको खातामा स्रेस्ता र वर्षान्तको बैङ्क मौज्दातमा देहाय अनुसार फरक परेको छ।

बैंकको नाम	खाताको प्रकार	श्रेस्ता अनुसार बाकी रु	बैंक अनुसार बाकी रु	फरक
नेपाल इन्भेस्टमेन्ट मेगा बैंक लि.	ग २.२, चालू खर्च खाता- जोर वर्ष	०	१,५२,७४,६६३.०७	१५२७४६६३
नेपाल इन्भेस्टमेन्ट मेगा बैंक लि.	ग २.४, पुंजीगत खर्च खाता- जोर वर्ष	०	१,१४,१६,९४१.०१	११४१६९४१
नेपाल इन्भेस्टमेन्ट मेगा बैंक लि.	ग २.७, विविध खर्च खाता	८,९०,०६३.६०	८,९०,०६३.६०	०
नेपाल इन्भेस्टमेन्ट मेगा बैंक लि.	ग ३.१, स्थानीय तह धरौटी खाता	१,०४,५८,१६०.७७	१,०४,५८,१६०.७७	०
नेपाल इन्भेस्टमेन्ट मेगा बैंक लि.	ग ४.१, स्थानीय तह सञ्चित कोष	१,१५,६४,०३९.८९	१,१५,६४,०३९.८९	०

नेपाल इन्भेस्टमेन्ट मेगा बैंक लि.	ग ५.१, स्थानीय तह विविध कोष	१९,८६,८११.७८	१९,८६,८११.७८	०
नेपाल इन्भेस्टमेन्ट मेगा बैंक लि.	ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	१८,६३,९८६.४५	१८,६३,९८६.४५	०
जम्मा		२,६७,६३,०६२.४९	५,३४,५४,६६६.५	२६६९१६०४

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाव मिलान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५ **सेवाप्रवाहको स्थिति -** यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

विवरण	जम्मा
जन्मदर्ता	९७०
मृत्युदर्ता	२५८
बसाईसराई दर्ता	३०६
विवाह दर्ता	५०७
सम्बन्धविच्छेद दर्ता	४४

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान सेवा प्रवाहको अभिलेख व्यवस्थित हनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीयतह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०७९।३।१० मा रु.५४ करोड १४ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।१० मा पारित भएको छ । यसैगरी स्थानीयतहका प्रमुखले मिति २०७९।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

७ **योजनाको प्राथमिकीरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना प्राथमिकताआधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिका पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नानुसार कुल ३१८ योजनामा वजेट विनियोजन गरेको छ।

कार्यक्रमको नाम	कुल संख्या	रु.५० लाख माथिका	रु.१० देखि ५० लाख	५ देखि १० लाख	रु.५लाख भन्दा कम
पालिकास्तरीय	३१८	५	९	४७	२५७

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृति खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । योजना वस्तुनिष्ठ तवरले प्राथमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

८ **क्षेत्रगत बजेट र खर्चको स्थिति -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको छ। अन्य क्षेत्रको तुलनामा पुर्वाधार विकास तथा आर्थिक विकासमा स्रोत वढाउन नसकेको तथा प्राथमिकतामा राखेको पाईएन। पुर्वाधार विकास तथा आर्थिक विकासमा स्रोत वढाउनुपर्ने देखिन्छ।

क्र.स	क्षेत्र	बजेट रकम रु.	खर्च	जम्मा खर्चको तुलनामा खर्च प्रतिशत
१	आर्थिक विकास	४०४६०	२८८५४	६.९५
२	पूर्वाधार विकास	१४४३७१	१०७९३१	२५.९९
	सामाजिक विकास	२३६७००	२०९१७	५०.३९
४	बातावरण तथा विकास	०	०	
५	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	०	०	
६	अन्य कार्यालय संचालन तथा प्रशासनिक	९१०५४	६९१५३	१६.६५

सैद्धान्तिक बेरुजु

९ **योजना तथा वजेट कार्यान्वयन -** यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छनः

- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन । साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।
- सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दाखरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले रु.१५ करोड ९ हजारको खरिद गरेकोमा खरिद गुरुयोजना तयार गरेको पाइएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०७८ को दफा २ अनुसार यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट ९३ योजना तथा कार्यक्रमवाट घटाई ११५ योजना तथा कार्यक्रममा रु.३ करोड ३० लाख ८७ हजार रकमान्तर गरेको छ। उक्त रकम वजेटको तुलनामा ६.११ प्रतिशत हुन्छ। आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन ।

उल्लेखित अवस्थाका कारण गाउँपालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन । तसर्थ गाउँपालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान पर्दछ ।

सैद्धान्तिक बेरुजु

१० **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन। यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छनः

- पालिकाले यस वर्ष कार्य सञ्चालन निर्देशिका तर्जुमा नगरी बैठक भत्ता, तालिम, गोष्ठी लगायतका कार्यक्रम खर्च गरेको छ ।
- पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।
- पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन
- सञ्चालित योजनाको सूचनापाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।
- निजामती सेवा ऐन २०४९ बमोजिम यस पालिकाकामा कार्यरत कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन ।

- ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।
- पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।
- भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु.१५ लाख ६५ हजार खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रू.८४ लाख ८ हजार खर्च गरेको छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।
- पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।
- पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।
- संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।
- संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

११ **कण्टिन्जेन्सी खर्च -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० को अनुसूची १ बमोजिम लागत अनुमान तयार गर्दा लागत अनुमान रकमको वर्क चार्ज २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशत गरी ४ प्रतिशत कण्टिजेन्सी खर्चको व्यवस्था गरेको छ। कार्यालयले निर्माण कार्यको लागत अनुमान तयार गर्दा कार्यालयबाट भुक्तानी गरिने रकमको ४ प्रतिशत रकम कण्टिजेन्सीको व्यवस्था गरेको छ । कन्टिन्जेन्सी खर्च जुन योजनाको लागि व्यवस्था गरिएको हो सोही योजनामा खर्च गर्नुपर्दछ। यो वर्ष यस्तो खर्च गरे पनि कार्यालयले योजनागत अभिलेख नराखेकोले वर्कचार्ज र अन्य खर्चमा भएको कन्टिन्जेन्सी खर्च यकिन गर्न सकिएन। वर्क चार्ज र अन्य खर्च खुल्ने गरी योजनागत कन्टिन्जेन्सी खर्चको अभिलेख नराखेकोले उक्त खर्च तोकिएको सिमा र सम्बन्धित कार्यमा खर्च गरे नगरेको यकिन गर्न सकिएन। योजनागत रुपमा कन्टिन्जेन्सी खर्चको अभिलेख राखी खर्चलाई पारदर्शी बनाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

१२ **तलवी प्रतिवेदन -** निजामती सेवा ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ , शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ |पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सघिय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तथा शिक्षातर्फ शिक्षकहरुको रु.११ करोड ८८ लाख ७ हजार र पालिकाका चालुतर्फ कर्मचारीको रु.५ करोड २९ लाख ९३ हजार गरी रु. १७ करोड १८ लाख खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१३ **कर्मचारी व्यवस्था**

✂........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०८१।१ । २४ को निर्णयबाट रु. ६,४७६,६२१ /- सम्परीक्षण गरिएको ।)

अनियमित भएको	०

१४ **स्वकीय सचिव तथा कानुनी सल्लाहकार -** स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधासम्बन्धी ऐन, २०७५ मा पदाधिकारीहरूको लागि स्वकीय सचिव र सल्लाहकार राखी पारिश्रमिक दिने व्यवस्था छैन। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७।११।२५ को परिपत्र अनुसार मापदण्ड बनाई यस्तो खर्च लेख्ने उल्लेख गरे तापनि सो अनुसार मापदण्ड बनाएको देखिएन।पालिकाले यस वर्ष १ जना कानूनी सल्लाहकार नियुक्त गरी चाडपर्व खर्च समेत रु. २ लाख ४० हजार तथा स्वकिय सचिवराखी चाडपर्व खर्च समेत रु. २ लाख ५२ हजार पारिश्रमिक भुक्तानी दिएको छ। सल्लाहकार नियुक्ति गर्दा स्पष्ट कार्य विवरण तयार गरी सोको मुल्याङ्कनको आधारमा भुक्तानी दिने व्यवस्था गर्नुपर्ने रु.

अनियमित भएको	४,९२,०००

१५ **कल्याण कोष -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ ।साथै नेपाल सरकार सचिव स्तरको २०८०।९।१७ को निर्णय अनुसार अनिवार्य रुपमा यस्तो कोषको स्थापना गर्ने र कानुन वमोजिम पाउने उपदान, निवृत्तिभरण, औषधिउपचार लगायतका सम्पुर्ण सुविधा यसै कोषट खर्च गर्नुपर्ने व्यवस्था छ ।पालिकामा स्थानीय सेवाका कर्मचारीहरु कार्यरत भएका र उक्त कर्मचारीहरुकालागि तलव खर्चलेखे पनि दश प्रतिशतले हुन रकम कट्टा गरी सोही वमोजिम पालिकाले समेत अवकासकोषमा रकम जम्मा गर्नुपर्नेमा दाखिला गरेको छैन । तथा पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु.१० लाख ट्रान्सफर गरेको छ । कानुनी व्यवस्था विपरित कल्याणकोषमा ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त रकम सञ्चित कोषमा दाखिला हुनुपर्ने रु.

असुल गर्नुपर्ने	१०,००,०००

१६ **कानुन निर्माण तथा कार्यान्वयन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ३० वटा ऐन तथा २८ नियमावली तथा कार्यबिधि स्वीकृत भए पनि सोको प्रभावकारी कार्यान्वयन भएको देखिदैन।

सैद्धान्तिक बेरुजु

१७ **न्यायीक समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। न्यायीक समितिको परेका ५९ उजुरी मध्ये ५५ फस्यौंट भई ४ बाँकी रहेका छन । समितिमा परेको उजुरीको तोकिएको समयमा टुङ्गो लगाउने तथा सोको अभिलेख व्यवस्थित गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१८ **जिन्सी निरीक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ। तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन। नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१९ **धरौटी फिर्ता**

✂..........(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०८१।१।२४ को निर्णयबाट रु. ८७०२२१।- सम्परीक्षण गरिएको ।)

प्रमाण पेश नगरेको	०

२० **पेश्की बाँकी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्योट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ। पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई बाँकी रहेको देखिन्छ। सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु. ५ लाख ६२ हजार ७२४ फस्यौंट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्यौंट गर्नुपर्ने रु

पेश्की लगेको मिति	विवरण	पेश्की लानेको नाम	पेश्की रकम
१।७९।४।१	विद्युत सम्वन्धि	नेपाल विद्युत प्राधिकरण	१२५९६३
११।८०।१।२१		नेपाल विद्युत प्राधिकरण	१४६७९६

२५।८०।३।२०		नेपाल विद्युत प्राधिकरण	१४४९८३
३९८।८०।३।२०		नेपाल विद्युत प्राधिकरण	१४४९८२
		जम्मा	५६२७२४।०

पेश्की	५,६२,७२४

२१ **प्रतिस्पर्धा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ र ३क वमोजिम निर्माण कार्यको प्रतिस्पर्धालाई संकुचित र सीमित नहुने गरी खरिद योजना वनाई निर्माण कार्य गर्नुपर्दछ । निर्माण कार्य गर्दा ठेक्कावाट गराएकोमा केही काम सुरु लागतमानै समावेस नगरी कोटेसन वाट गराएको देखिन्छ। यस सम्वन्धि व्यहोरा देहायमा उल्लेख छ ।

२१.१ काशिपुर गिधनिया दुवीचौर सडक ढलान/कालो पत्रे शान्तिनगर गाउँपालिका वडा नं ५ र ६ योजना बाट ४०.५४ प्रतिशत न्युनमा ठेक्कावाट निर्माण कार्य भई कार्य सम्पन्न समेत भएको छ। उक्त स्थानमा पुन कोटेसन वाट छत्रेस्वरी निर्माण सेवा प्रा लीवाट रु.९ लाख ६८ हजार ३४३ लागत अनुमानको काम गराई रु.९ लाख ४५ हजार ३४८ भुक्तानी भएको छ । यसरी सुरु लागत अनुमानमानै उक्त परिमाण थप गरि वोलपत्र द्वारा कार्य गर्नुपर्नेमा खरिद योजनमा समावेस नगरि प्रतिस्पर्धालाई संकुचित र सीमित हुने गरी निर्माण कार्य गर्दा वढी लागत पर्ने गरी कार्य भएको छ।

सैद्धान्तिक बेरुजु

२१.२ मालेचौतारी देखि पोटली सम्मको सडक ढलान कोलो पत्रे वोलपत्र मार्फत ३७.३२ प्रतिशत न्युनमा ठेक्कावाट निर्माण कार्य भई कार्य सम्पन्न समेत भएको छ। उक्त स्थानमा सोही काम पुन कोटेसन वाट रितु एण्ड नितु निर्माणवाट रु.९ लाख ६९ हजार ६९६ लागत अनुमानको काम गराई रु.९ लाख ६८ हजार ५३२ भुक्तानी भएको छ। यसरी सुरु लागत अनुमानमा नै उक्त परिमाण थप गरि वोलपत्र द्वारा कार्य गर्नुपर्नेमा खरिद योजनमा समावेस नगरि प्रतिस्पर्धालाई संकुचित र सीमित हुने गरी निर्माण कार्य गर्दा वढी लागत पर्ने गरी कार्य भएको छ।

एउटै योजनाको निर्माण कार्य सुरु लागतमानै समावेश गरी बोलपत्र द्वारा गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२२ **बिलभरपाई**

✂........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०८१।१ । २४ को निर्णयबाट रु. ७९१२७५ ।- सम्परीक्षण गरिएको ।)

प्रमाण पेश नगरेको	०

२३ **१५ वेडको अस्पताल निर्माण कार्य -** संघीय सरकारको योजना अनुसार अस्पताल भवन निर्माणका लागि रु.१५ करोड २९ लाख २९ हजार लागत अनुमान स्वीकृत गरी वोलपत्र भएकोमा रु.११ करोड २४ लाख ९४ हजार कबुल गर्ने गलुवा खड्का वली जे.भी.संग २०७८।२।१४ मा २०८०।२।१४ भित्र कार्य सम्पन्न गर्नेगरी खरिद सम्झौता भएकोमा ६० प्रतिशत कार्य भई समेत रु.६ करोड ८१ लाख ११ हजार भुक्तानी भएको छ । यस सम्वन्धमा देखिएको वाँकी व्यहोरा देहायमा उल्लेख छनः

२३.१ **कार्य नभई भुक्तानी -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ वमोजिम प्राविधिक नापजाच गरी वास्तविक कार्य सम्पादनको आधारमा विलको भुक्तानी हुनुपर्दछ।यस वर्ष निर्माण व्यवसायीलाई भुक्तानी गर्दा जडान सम्वन्धि कार्यहरु सम्पन्न नहुदै लिफ्ट जडानको सम्पुर्ण कामको नापी गरी मूल्य अभिवृद्धि कर सहित रु.२५ लाख ९९ हजार भुक्तानी भएको छ ।काम नहुदै भुक्तानी भएको उक्त रकम असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	२५,९९,०००

२३.२ **मूल्य समायोजन -** खरिद नियमावाली २०६४,को नियम ११९ को उपनियम २ (ख) मा सम्पन्न भएको कामको काममा लागेको श्रम,सामाग्री र उपकरणको मात्र मुल्य समायोजन हुने गरी सुत्र निर्धारण गर्नुपर्ने र सोहि अनुसार सम्झौतामा उल्लेख गरी मूल्य समायोजन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले वोलपत्र सम्वन्धि कागज तयार गर्दा मूल्य समायोजनको कोफिसीयन्टको रेन्ज निर्धारण गरी वोलपत्र कागजमा उल्लेख नगरेको तर वोलपत्र दाताले उक्त कोफिसीयन्टमा निर्माण कार्यमा सवै भन्दा वढी (६० देखि ७० प्रतिशत) प्रयोग हुने समाग्रीको कोफिसीयन्ट कम ०.२५ तथा ईक्वीपमेन्टको कोफिसीयन्ट ०.३५ वढी राखेको कारण तेस्रो विल सम्म १७ प्रतिशत मूल्य वृद्धि समायोजन हुन पुगेको छ। वोलपत्र सम्वन्धि कागज तयार गर्दा मूल्य समायोजनको कोफिसीयन्टको रेन्ज निर्धारण नगरेकोकारण वढी व्यभार पर्ने अवस्था रहेको छ ।

सैद्धान्तिक बेरुजु

२४ **प्रिमिक्स कार्पेट**

✂..........(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०८०।१२।१८ को निर्णयबाट रु. १५४९८२० /- सम्परीक्षण गरिएको

असुल गर्नुपर्ने	०

२५ **खिलतपुर खानेपानी योजना -** संघीय सरकारको योजना अनुसार अस्पताल भवन निर्माणका लागि रु.९९ लाख ९२ हजार लागत अनुमान स्वीकृत गरी वोलपत्र भएकोमा रु.६६ लाख २६ हजार कबुल गर्ने वेगम कन्ट्रकससनसंग २०७९।१२।०६ मा २०८०।३।२५ भित्र कार्य सम्पन्न गर्नेगरी खरिद सम्झौता भएकोमा कार्यतालिका अनुसार काम हुन नसकि २०८०।८।३० सम्म म्याद थप भएकोमा रु.४० लाख ७७ हजार भुक्तानी भएको छ ।

कार्य नभई भुक्तानीः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ वमोजिम प्राविधिक नापजाच गरी वास्तविक कार्य सम्पादनको आधारमा विलको भुक्तानी हुनुपर्दछ।यस वर्ष निर्माण व्यवसायीलाई भुक्तानी गर्दा जडान सम्वन्धि कार्यहरु सम्पन्न

नहुदै लिफ्टीङ्ग कार्यकोलागी समवरसेवल पम्म तथा कन्ट्रोल प्यानलको सम्पुर्ण कामको नापी गरी मूल्य अभिवृद्धि कर सहित रु.७ लाख ३७ हजार भुक्तानी भएको छ ।काम नहुदै भुक्तानी भएको उक्त रकम असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	७,३७,४३८

२६ **बढी भुक्तानी**

✂........... (प्रारम्भिक प्रतिवेदन असुल भई पेश भएको आधारमा मिति २०८१।१ । २४ को निर्णयबाट रु. ११९४०।- सम्परीक्षण गरिएको ।)

असुल गर्नुपर्ने	०

२७ **बढी भुक्तानी**

✂........... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८१।१ । २४ को निर्णयबाट रु. ४८०० ।- सम्परीक्षण गरिएको ।)

असुल गर्नुपर्ने	०

२८ **उपयोग नभएको -** सार्वजनीक खरिद ऐन, २०६३ को दफा ५ वमोजिम कुनै पनि खरिद कार्यको लागि लागत अनुमान तयार गर्नुपर्ने तथा कार्य सम्पन्न पछि सोको नापी तथा कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्दछ।साथै खरिद भएका मेसनरी सामाग्री उद्देश्य वमोजिम उपयोग हुनुपर्दछ। यस वर्ष नगरपालिकाले निम्नानुसार निर्माण सामाग्री खरिद गरेकोमा लागत अनुमान तयार नगरेको तथा सोको नापी तथा कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाईएन। अतः उक्त रु.४८ लाख ८४ हजारको खरिद भएका निर्माण सामाग्रीको नापी तथा कार्य सम्पन्न प्रतिवेदन तथा अन्यको हकमा उपयोग भएको प्रमाण पेश गर्नुपर्ने रु.

भौ.नं.मिति	कामको विवरण	भुक्तानी रकम
७५।७९।१०।२५	एच डि पी पाईप २१४० मी तथा ९५०० मिटर	६४९८४२।०
३८२।८०।३।१०	३०,४५,९० से.मी का ह्युम पाईप तथा ३१ वटा विद्युत पोल खरिद	६३२२९७।०
२७९।८०।२।३०	ह्युम पाईप ४५ थान खरिद	७९६६२१।०
६३।८०।३।२३	वान्द्रे खोलाको झो पुको लागि स्टील पार्टस खरिद	१४७११८४।०
२०१- ७९।१०।१७	GAVIN JALI 2×1×1 १२१२ व मी	३९१८८०
२६६- ७९।१०।२६	90 ,40,32,25 mm HDP PIPE: GI pipe	८८३१६०
१४३।७९।१२।३०	ह्युम पाईप	९९५६४३
	जम्मा	५८,२०,६२७।०

प्रमाण पेश नगरेको	५८,२०,६२७

२९ **बढी दरले भुक्तानी -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० वमोजिम स्वीकृत नर्म्सको अधिमा रही दरविश्लेषण तथा लागत अनुमान तयार गरी सोही आधारमा उपभोक्ताको कामको मूल्याङ्कन गरी भुक्तानी हुनुपर्दछ ।यस सम्वन्धमा देखिएको व्यहोरा देहायमा उल्लेख छनः

२९.१ **सिमेन्ट कंक्रिट कार्यः** निम्नानुसारको निर्माण कार्यमा उपभोक्तावाट गराएकोमा १:२:४ सिमेन्ट कंक्रिटको कार्य कार्यालयको दरविश्लेषण अनुसार रु.१०,९७५।० रहेकोमा रु.१२,७३०।० को दर समावेस लागत अनुमान तयार गरेकोले कामको नापी तथा भुक्तानी हुंदा निम्नानुसार वढी दर रु.१,७५५।० प्रति घ.मि. ले रु.१ लाख ६७ हजार वढी भुक्तानी भएको देखिएकोले उक्त रकम असुल हुनुपर्ने रु.

भौ.नं.मिति	कामको विवरण	कुल काम भएको परिमाण घ.मी.	कुल भुक्तानी
